# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)
# Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)

## प्रेस विज्ञप्ती

**धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ संशोधन भई समसामयिक गरिएको ।**

धितोपत्र वजारलाइ समावेशी वनाउन तथा वढी भन्दा वढी लगानीकर्ताले धितोपत्र प्राप्त गर्न सक्ने व्यवस्थाको लागि वोर्डद्वारा धितोपत्रका सार्वजनिक निष्काशनमा सकेसम्म सबै आवेदकलाई दश कित्ताको दरले धितोपत्र बाँडफाँड गर्नु पर्ने व्यवस्था गरिएको । उक्त व्यवस्था प्रारम्भ भए पश्चात गरिएका धितोपत्रको सार्वजनिक निष्काशनलाई हेर्दा सबै आवेदकलाई दश कित्ताको दरले धितोपत्र बाँडफाँड गर्नु पर्ने व्यवस्थाको कारण अधिकांश लगानीकर्ताले दरखास्त दिन पाइने न्यूनतम कित्तालाई दृष्टिगत गरी दरखास्त दिने गरेकोले वोर्डको धितोपत्र निष्काशन तथा वाँडफाँट निर्देशिकामा धितोपत्रको लागि आवेदन गर्न सक्ने अधिकतम सिमा शून्य दशमलव पाँच प्रतिशत हुनु पर्ने व्यवस्था व्यवहारिक नभएको भन्ने गुनासो प्राप्त भएको । यसै गरी प्रिमियम मूल्यमा समेत प्रारम्भिक सार्वजनिक निष्काशन गर्दा प्राकृतिक व्यक्तिले धितोपत्र खरीद नगरेको अवस्थामा मात्र संस्थागत लगानीकर्ताहरुलाई खुल्ला गर्दा पनि शून्य दशमलव पाँच प्रतिशतको अधिकतम सीमाका कारण सार्वजनिक निष्काशनमा पूर्ण रुपमा विक्री हुन नसकी निष्काशन कार्य थप झञ्झटिलो समेत हुन गएको हुँदा कतिपय संगठित संस्थावाट निर्देशिकाको उल्लेखित व्यवस्थामा सुधार गर्न निवेदन समेत प्राप्त भएको । यसरी निष्काशन सम्वन्धी यी समस्याहरुलाई निराकरण गरी सो कार्यलाई गतिशिल, चुस्त, सहज र कम खर्चिलो वनाउन देहाय अनुसार धितोपत्र निष्काशन तथा वाँडफाँट निर्देशिका, २०७४ को मा दफा २१ को उपदफा (२) तथा उपदफा (६) मा संशोधन गरीएको छ ।

१. धितोपत्रको सार्वजनिक निष्काशनको खरिदका लागि दरखास्त दिन सकिने अधिकतम सीमा वोर्डवाट स्वीकृत विवरणपत्र बमोजिम हुने ।

२. प्रिमियम मुल्य सहित जारी गरिएको शेयर भएमा वा विवरणपत्रमा सर्वसाधारणलाई निष्काशन गरिएको समयावधि भित्र सम्पूर्ण शेयर बिक्री नभएमा संगठित संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएका संस्थाले त्यस्तो शेयर खरिद गर्न सक्ने ।

उक्त संशोधनको विस्तृत विवरण बोर्डको वेबसाइट www.sebon.gov.np मा हेर्न सकिने छ ।

मितिः २०७५।०३।०५

प्रवक्ता